sagarmatha
ENGINEERING COLLEGE
TRIBHUVAN UNIVERSITY AFFILIATE

मिति : २०८०/०८/०७

त्रि. बि. इन्जिनियरिङ्ग अध्ययन संस्थान बाट सम्बन्धन प्राप्त सगरमाथा इन्जिनियरिङ्ग कलेज, सानेपा, ललितपुर मा स्नातक तह (Bachelor of Engineering) विषयमा अध्ययन गर्न इच्छुक बिद्यार्थीहरुले अनलाइन आवेदन फाराम भर्ने सम्बन्धि

# सुचना

शैक्षिक सत्र २०८०/८१ मा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानको प्रवेश परिक्षामा उत्तिर्ण भई यस कलेजमा भर्ना हुन इच्छुक बिद्यार्थीहरुले यही मिति २०८०/०८/०७ गते बिहान १०:०० बजे देखि २०८०/०८/१० गते साँझ ४:०० बजे सम्म अनलाइन आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**फाराम भर्ने बिधि :**

१. कलेजको भर्ना सम्बन्धि portal <*admission.sagarmatha.edu.np*> access गरी ई.अ.सं. प्रवेश परिक्षाको "Roll Number र Rank" entry गरी Login गर्ने ।

२. आफूले पढ्न चाहेको Program/s प्रथमिकता अनुसार entry गर्ने ।

३. आवेदन फाराममा रहेको e-sewa, khalti, fonepay, अथवा connect IPS को link मार्फत निम्न अनुसारको शुल्क भुक्तानी गरि अनलाइन फाराम submit गर्ने ।

४. फाराम शुल्क :

- पहिलो एक कार्यक्रमका लागि रु. ३००/-
- प्रति थप कार्यक्रमका लागि थप रु. १००/-
- बैंक मार्फत फाराम शुल्क बुझाउँदा Deposit Vouchar संलग्न गर्नुपर्ने ।

**Bank Account Details :**

| S.N. | Account Name | Bank | Account | Branch |
|---|---|---|---|---|
| 1 | Sagarmatha Engineering College | Machhapuchchhre Bank Ltd. | 0110033208900016 | New Road |

Sanepa, Lalitpur, Nepal, G. P. O. Box: 19910, Tel.: 01-5527274, 5547463, Fax: 01-5548252
e-Mail: info@sagarmatha.edu.np, Web: www.sagarmatha.edu.np

sagarmatha
ENGINEERING COLLEGE
TRIBHUVAN UNIVERSITY AFFILIATE

**विषेश जानकारी :**

१. मिति २०८०/०८/१० गते साँझ ४:०० बजेसम्म आवेदन दिएका विद्यार्थीहरु मध्येबाट योग्यताक्रमको आधारमा प्रथम भर्ना सुचि र प्रथम भर्ना सुचिबाट रिक्त रहन आएको सिटहरुको लागि दोस्रो भर्ना सुचि प्रकाशन गरिने छ। २०८०/०८/१० गते पछि पनि आबेदन फाराम भर्न सकिनेछ। उक्त फारामहरु पछि प्रकाशित गरिने भर्ना सूचिमा समावेश गरिनेछ।

२. भर्ना सुचिमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकका सुचिबाट हटाइनेछ र पछि प्रकाशन हुने सुचिहरुमा समावेश गरिने छैन।

३. प्रथम र दोस्रो भर्ना सुचिमा नाम प्रकाशन नभएका तर पहिले नै आवेदन दिएका विद्यार्थीहरुलाई स्वतः पछिल्लो भर्ना सुचिको लागि योग्य मानिने छ। पहिले आवेदन दिन छुटेका तथा प्रथम र दोस्रो भर्ना सुचिमा नाम प्रकाशित भई भर्ना हुन छुटेकाहरुले समेत पुनः आवेदन दिन सक्नेछन्।

४. प्रथम र दोस्रो भर्ना सुचिमा नाम प्रकाशित नभएका आवेदकहरु र पुनः आवेदन दिएका आवेदकहरु मध्येबाट भर्ना सूचि प्रकाशन गरिनेछ। उक्त भर्ना सूचि बाट योग्यताक्रमको आधारमा तेस्रो भर्ना सूचि प्रकाशन गरिनेछ।

५. तेस्रो भर्ना सूचिबाट पनि रिक्त रहन आएका सिटहरुमा भर्नाको लागी इन्जिनियरिङ्ग अध्ययन संस्थान केन्द्रीतकृत भर्ना अनुगमन समितिको निर्देशन अनुसार प्रकाशित गरी केन्द्रिय भर्ना पोर्टलबाट नै भर्ना गरिने छ।

**पुनश्च : अनलाइन आवेदन फाराम बुझाउने व्यवस्था कलेज परिसरमा समेत गरिएको व्यहोरा जानकारी गराइन्छ। फाराम भर्दा कुनै समस्या भएमा admission@sagarmatha.edu.np अथवा ९८५१३२८७५३ मा सम्पर्क गर्न हुन अनुरोध छ।**

..............

sagarmatha ENGINEERING COLLEGE

दक्षिणा श्रेष्ठ
संयोजक
भर्ना समिति - २०८०